## आमाको...

आइतबार सामाजिक सञ्जालमा समेत उक्त नियुक्तिलाई लिएर व्यापक आलोचना भएको छ। धेरैले प्रधानमन्त्रीले सार्वजनिक रूपमा सुशासनको प्रतिबद्धता जनाए पनि व्यवहारमा भने आफन्त र नजिकका व्यक्तिलाई अवसर दिने प्रवृत्ति देखाएको टिप्पणी गरेका छन्।

प्रशासनिक स्रोतका अनुसार श्रेष्ठ यसअघि पनि केही महत्वपूर्ण निर्णय प्रक्रियामा प्रभावशाली भूमिका खेल्ने गरेको चर्चा रहने गरेको थियो। श्रेष्ठले केही निर्णय र नियुक्तिमा चलखेल गर्दासमेत प्रधानमन्त्री कार्कीले संरक्षण गर्ने गरेको आरोप लाग्दै आएको थियो।

प्रकृति संरक्षण कोषजस्तो संस्थामा वातावरण, वन र जैविक विविधताबारे गहिरो ज्ञान तथा अनुभव भएका व्यक्तिलाई नेतृत्व दिनुपर्नेमा त्यससम्बन्धी अनुभव नभएका व्यक्तिलाई अध्यक्ष बनाइएको भन्दै वन तथा वातावरण क्षेत्रका जानकारहरूले पनि असन्तुष्टि जनाएका छन्।

राजनीतिक विश्लेषकहरूका अनुसार निर्वाचन सफलतापूर्वक सम्पन्न गराएर सकारात्मक छवि बनाएको सरकारको अन्तिम चरणमा गरिएको यस्तो निर्णयले प्रधानमन्त्री कार्कीको सुशासनसम्बन्धी प्रतिबद्धतामाथि गम्भीर प्रश्न उठाएको छ भने जेन-जी सरकारको छविमाथि नै गम्भीर अवमूल्यन भएको छ।

## होस गर्नुस्...

मसँगै हजारौं साथीहरूले आफ्नो ज्यानको पर्वाह नगरी छातीमा गोली थाप्न सडकमा उत्रिए।' प्रधानमन्त्री कार्कीलाई सचेत पार्दै र प्रश्न गर्दै रक्षाले भन्नुभएको छ, 'केका लागि थाहा छ ? यो देशले, बिस्तारै भए पनि, सुशासनको सास फेर्न पाओस् भन्ने सपनाका लागि। प्रधानमन्त्री र मन्त्रीज्यूहरूले आफ्ना मान्छेलाई बिदाइ उपहारस्वरूप परिषद्, विभाग वा समितिका कुर्सीहरू बाँडफाँट गर्नका लागि होइन।' रक्षाले थप आक्रोश पोख्दै भन्नुभएको छ, 'होस गर्नुहोस् है, त्यो कुर्सीमा रातो लागेको छ। सडकले रगत भुलेको छैन र रगतले रंगिएको कुर्सीले तपाईंलाई कुनै उचाइ दिने छैन।'

## अघिल्ला...

शिक्षा सुधारको विषय अब नयाँ आउने मन्त्रीलाई अग्नि परीक्षा भएको छ। मन्त्री पुनले विद्यालय शिक्षा ऐन, विश्वविद्यालय ऐन ल्याउने चाहना अधुरो भयो। असोज ६ गते कार्यभार सम्हाल्नुभएका पुनले काम कम अनि कुरा बढी गर्ने प्रवृत्तिले गर्दा शिक्षामा सुधार गर्न सक्नुभएन।

शिक्षा सुधार्न र मन्त्रीले हालसम्म गरेका सबै निर्णय कार्यान्वयन गर्नु नयाँ सरकारको कर्तव्य हो। यी सबै विषय कसरी कार्यान्वयन गर्ने भन्ने विषय अब नयाँ दलको हातमा छ। केही दिनमा रास्वपाले सरकारको नेतृत्व गर्नेछ। पूर्वमन्त्री पुनले शिक्षा सुधार गर्न खोजेका विषय नयाँ मन्त्रीले कार्यान्वयन गर्लान् कि नगर्लान् परिणामले देखाउनेछ। निर्वाचनअघि घोषणा गरेको सय वाचापत्रमा बोलेका शिक्षाका विषय कसरी कार्यान्वयन गर्ने भनी सबैले चासोको विषय बनेको छ। अब बन्न लागेको झण्डै दुईतिहाइको सरकारले आफ्नो बाचापत्र बिर्सने वा कार्यान्वयन गर्ने, हेर्न बाँकी छ।

रास्वपाले विश्वविद्यालय एवं विद्यालयहरूलाई दलीय राजनीतक गतिविधिको अखडा हुनबाट मुक्त गर्ने प्रतिबद्धता जनाएको छ। दल आबद्ध शिक्षक संघ र संगठनलाई बिदा दिन सक्छ कि सक्दैन रास्वपाको परीक्षाको विषय बनेको छ।

रूपान्तरणका लागि नीतिगत प्रस्थानका १०० आधारहरूमा शिक्षाका विषय बुँदा नम्बर ६१ देखि ६७ सम्म उल्लेख गरिएको छ। पहिलो बुँदामै शैक्षिक संस्थाहरूमा जारी दलीय राजनीतिक गतिविधिको नियन्त्रण गर्ने विषय लेखिएको छ। शिक्षक तथा प्राध्यापकहरूको राजनीतिक आबद्धतालाई पूर्णत: निषेध गर्ने वाचापत्रमा उल्लेख गरिएको छ। विद्यार्थी संगठनमार्फत हुने अराजकता, तोडफोड, जबरजस्ती बन्द र शैक्षिक वातावरणमा अवरोध सिर्जना गर्ने गतिविधिलाई नियन्त्रण गर्न शैक्षिक संस्थाभित्र दलगत राजनीतिक कार्यक्रम पूर्ण रूपमा निषेध गर्ने उल्लेख छ।

गैरदलीय प्राज्ञिक विद्यार्थी प्रतिनिधित्व प्रणाली विकास गर्ने भन्दै उक्त दलले आफ्नो वाचापत्रमा यो अभ्यासले लोकतान्त्रिक अभ्यासलाई संरक्षण गर्दै शैक्षिक वातावरणलाई अनुशासित र मर्यादित बनाउने दाबी गरेको छ। हुन त रास्वपा पनि दल नै हो। तर, शिक्षामा दलको हाबी रोक्न सरकारले मुख्य भूमिका खेल्ने अपेक्षा छ।

बाचापत्रमा सार्वजनिक शिक्षाको गुणस्तर वृद्धि गर्न दुई दशकसम्म उल्लेख्य लगानी थप्दै गुणस्तर वृद्धि गर्ने भनिएको छ। निजी क्षेत्रबाट प्रदान गरिँदै आएको शिक्षालाई सार्वजनिक शिक्षाको पहुँच र गुणस्तरको परिपूरकका रूपमा स्वीकार गर्ने, निजी विद्यालयको शुल्क संरचना, शिक्षक योग्यता, पूर्वाधार र शैक्षिक परिणामको आधारमा नियमन तथा अनुगमन प्रणाली सदृढ गर्ने उल्लेख छ। सातै प्रदेशमा कम्तीमा एउटा अत्याधुनिक नमुना समावेशी विद्यालय स्थापना गरी बालबालिकाको सिक्न पाउने अधिकारलाई अक्षुण्ण राख्ने वाचापत्रमा उल्लेख गरेको छ।

बाचापत्रमा शिक्षकलाई शिक्षाको मेरुदण्डका रूपमा स्वीकार गर्दै योग्यता, क्षमता निरन्तर पेशागत विकास र स्पष्ट जवाफदेहीतामा आधारित प्रणाली लागू गर्ने उल्लेख छ। विदेशी विश्वविद्यालय र नेपाली विश्वविद्यालय बीच दीर्घकालीन साझेदारी कायम गर्ने र नेपालमा विदेशी विश्वविद्यालयहरूका आंगिक क्याम्पस र विदेशी डिग्री कार्यक्रमहरू सञ्चालन गर्न सरल बनाउने उसको वाचा छ।

विश्वविद्यालय एवं विद्यालयहरूलाई दलीय राजनीतक गतिविधिको अखडा हुनबाट मुक्त गर्ने प्रतिबद्धता जारी गरेको छ। तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठको कार्यकालमा भएको व्यवस्थालाई उसले कडाइका साथ कार्यान्वयन गर्ने जनाएको छ। तत्कालीन मन्त्री श्रेष्ठले शिक्षक र कर्मचारीलगायत विद्यालय र विश्वविद्यालयमा कार्यरत सबैलाई राजनीति गर्न पूर्ण रोक लगाउनुभएको थियो। सोही विषय रास्वपाले उठान गरेको हो।

मन्त्रीको बागडोर सम्हालेपछिको पहिलो काम अनुभव प्राप्त विज्ञहरू सम्मिलित सल्लाहकार समिति गठन गर्नुभएको थियो। समितिले कामै गर्न नसकेर बिदा भयो। फेसबुकमा बढी क्रियाशील मन्त्री पुनले केही दिनसम्म मन्त्री र मन्त्रालयले गरेका निर्णय आफैं सार्वजनिक गर्नुहुन्थ्यो।

### बिद्युत मिटर हरायो

**का.जि. का.म.न.पा. वडा नं. १६ स्थित कित्ता नं. १४३ मा विश्वनाथ उपाध्यायको नाममा रहेको बिद्युत प्राधिकारणबाट प्राप्त भएको ग्राहक संख्या नं. १७-०२-०१२ को मिटर मिति २०८०/०९/०२ गते हराएको हुंदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खवर गरिदिएमा आभारी हुने थिए ।**

**नाम थर : निर्मल अर्याल**
**ग्राहक संख्या नं. १७-०२-०१२**
**ठेगाना: का.म.न.पा. वडा नं. १६, कालधारा**
**फोन नं. ९८५१००८७६६**

### निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

तिलविर दमाईको नाति, हस्ते दमाईको छोरा, कर्णाली प्रदेश, सुर्खेत जिल्ला, विरेन्द्रनगर वडा नं. २ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर वडा नं. १ बस्ने **श्री कृष्ण बहादुर परियार**ले यस शाखामा बचत खाता नं. २०८१५२४१४०२५६४ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/११/०६ मा निज खातावाला श्री कृष्ण बहादुर परियारको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाँउ भनी निज मृतकको श्रीमती (जना-२) नाता पर्ने **श्रीमती शान्तिदेवी दमाई** र **श्रीमती लक्ष्मी परियार**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष सयुक्त रुपमा निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज मृतक **श्री कृष्ण बहादुर परियार**को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको **सुर्खेत शाखा**मा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

**नेपाल एसबिआई बैंक लिमिटेड**
**NEPAL SBI BANK LTD.**
**शाखा कार्यालय, सुर्खेत, फोन नं. ०८३-५२४६४९**

### निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना

यस बैंकका खातावाला श्री रत्न वीर शाक्यको नाति, श्री जोगवीर सिंह शाक्यको छोरा, बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं नगरपालिका वडा नं. १६ मा बस्ने श्री चन्द्र बहादुर शाक्यको मिति वि.सं. २०८२/१०/१५ गतेका दिन मृत्यु भएकोले व्यक्तिगत बचत खाता ००८०११०६००००५६ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि मृतकको श्रीमति नानी मैंया शाक्यले मिति २०८२/११/१० मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित हकदाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**सानिमा बैंक** www.sanimabank.com

सूर्यविनायक शाखा, भक्तपुर, फोन : ६६१४५१५, ६६१९३८५, ३८४, फ्याक्स : ६६१९३८५

### लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

**प्रकाशित मिति : २०८२/१२/०२ गते**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्दै आउनु भएको ऋण कर्जाको बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न पटक पटक मौखिक एवं लिखित जानकारी गराई तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नभएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न **मिति २०८२/०६/०९ गतेको राजधानी दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना** प्रकाशित गरी ऋणी तथा सुरक्षणधनी समेतलाई सूचित गर्दा समेत ऋण कर्जाको साँवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकोले धितो सुरक्षण वापत लेखि दिएको अचल सम्पत्ति (घरजग्गा आदि) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलवन्दी बोलपत्रद्वारा बिक्री गरिने हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफूले खरिद गरी लिन चाहेको मूल्य सहित शिलबन्दी बोलपत्र पेश गर्नुहुन इच्छुक महानुभावहरुको जानकारीको लागि यो शिलबन्दी बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**जनकपुर शाखा :**

**१) ऋणीको नाम, थर, ठेगाना र तिनपुस्ते विवरण : रिता देवी महरा**
बाबु : वुधनराम चमार, पति : लोटन महरा चमार, ससुरा : लखन मोचि चमार
स्थायी ठेगाना : नकटाझिज वडा नं.-०१, धनुषा, हालको ठेगाना : मिथला न.पा. वडा नं.-०२, धनुषा

**व्यक्तिगत जमानीकर्ताको नाम, थर, ठेगाना र तिनपुस्ते विवरण :**
क) रिता देवी महरा, बाबु : वुधनराम चमार, पति : लोटन महरा चमार, ससुरा : लखन मोचि चमार
ठेगाना : जिल्ला धनुषा, नकटाझिज वडा नं.-०१, हाल जिल्ला धनुषा, मिथला न.पा. वडा नं.-०२
ख) वुधन चमार, बाबु : गुदरी चमार, बाजे : वकाई महरा
ठेगाना : महोत्तरी जिल्ला, खुटापिपराढी वडा नं -०४, हाल जिल्ला धनुषा, मिथला न.पा. वडा नं.-०२

कर्जा शिर्षक : महालक्ष्मी होम इक्युटी कर्जा

**धितोसुरक्षको विवरण :** श्री वुधनराम चमारको छोरी, लखन मोचि चमारको बुहारी, लोटन महरा चमारको पत्नी साविक धनुषा जिल्ला नकटाझिज वडा नं.-०१, हाल जिल्ला धनुषा, मिथला न.पा. वडा नं.-०२ बस्ने रिता देवी महराको नाममा मालपोत कार्यालय जनकपुरधाममा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, नकटाझिज गा.वि.स. वडा नं. ०१ स्थित कि.नं. १४९१ र १३५९ को क्षेत्रफल कमश: ०-०-३-० र ०-१-०-० (वि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

**२) ऋणीको नाम, थर, ठेगाना र तिनपुस्ते विवरण : हिरा कुमारी सिजाली**
बाबु : टुकवहादुर सिजाली मगर, पति : बिरेन्द्र कुमार मगर, ससुरा : अहिमान क्यापछाकी मगर
स्थायी ठेगाना : धनुषाधाम न.पा. वडा नं.-२, धनुषा, हालको ठेगाना : धनुषाधाम न.पा. वडा नं.-२, धनुषा

**व्यक्तिगत जमानीकर्ताको नाम, थर, ठेगाना र तिनपुस्ते विवरण :**
क) हिरा कुमारी सिजाली, बाबु : टुकवहादुर सिजाली मगर, पति : बिरेन्द्र कुमार मगर, ससुरा : अहिमान क्यापछाकी मगर
ठेगाना : जिल्ला धनुषा, धनुषाधाम न.पा. वडा नं.-२, हाल जिल्ला धनुषा, धनुषाधाम न.पा. वडा नं.-२
ख) गिता कुमारी दनुवार, बाबु : प्रकाश कुमार दनुवार, पति : बिन्देशवर राय दनुवार, ससुरा : पुलकित राय दनुवार
ठेगाना : सर्लाही जिल्ला, रानीगञ्ज गा.वि.स. वडा नं.-०६, हाल जिल्ला धनुषा, क्षीरेश्वरनाथ न.पा. वडा नं. ७

कर्जा शिर्षक : महालक्ष्मी होम इक्युटी कर्जा

**धितोसुरक्षको विवरण :** श्री टुकवहादुर सिजाली मगरको छोरी, अहिमान क्यापछाकी मगरको बुहारी, बिरेन्द्र कुमार मगरको पत्नी साविक जिल्ला धनुषा, धनुषाधाम न.पा. वडा नं.-२, हाल जिल्ला धनुषा, धनुषाधाम न.पा. वडा नं.-२ बस्ने हिरा कुमारी सिजालीको नाममा मालपोत कार्यालय जनकपुरधाममा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. ५ ख स्थित कित्ता नं. ३४ को क्षेत्रफल ०-१-२-०, (वि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२/१२/१६ ( सोमबार कार्यालय समय भित्र )**
**खोलिने मिति : २०८२/१२/१७ ( मंगलबार दिनको २ बजे )**
**स्थान : महालक्ष्मी विकास बैंक लि.को जनकपुर शाखा कार्यालय**

**शिलबन्दी बोलपत्र पेश गर्दा निम्न बमोजिमको शर्तहरु पालना गर्नु पर्नेछ :-**

(क) शिलबन्दी बोलपत्र पेश गर्नेले आफूले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम नगदै, गुडफर पेमेण्टको चेक वा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त बैंक तथा वित्तीय संस्थाको कम्तिमा ९० दिनको बैंक ग्यारेण्टी धरौटी वापत बैंक दाखिला गर्नु पर्नेछ ।
(ख) शिलबन्दी बोलपत्रकर्ताको शिलबन्दी बोलपत्र स्वीकृत भएमा बैंकले पत्र पठाएको मितिले १५ दिन भित्र बाँकी रकम जम्मा गर्नु पर्नेछ । बाँकी रकम जम्मा भए पश्चात बैंकले धितो रहेको अचल सम्पत्ति दा.खा. नामसारीको लागि सम्बन्धित कार्यालयलाई पत्राचार गरि दिनेछ ।
(ग) तोकिएको भाखा म्याद भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी वापत बैंक दाखिला गरेको रकम बैंकले जफत गर्नेछ ।
(घ) कुनै शर्तहरु राखि शिलबन्दी बोलपत्र पेश गर्न पाईने छैन ।
(ङ) प्राप्त शिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
(च) शिलबन्दी बोलपत्रकर्ताले अचल सम्पत्ति रहेकै स्थानमा हेर्न र निरिक्षण गर्न सक्नु हुनेछ ।
(छ) शिलबन्दी बोलपत्र कर्ताले शिलवन्दी बोलपत्र पेश गर्दा पुरै कित्ता जग्गाको शिलबन्दी पेश गर्नु पर्नेछ । एउटै ऋणीको एक भन्दा बढी कित्ता जग्गाहरुको शिलबन्दी बोलपत्र आव्हान गरेको अवस्थामा एउटा वा सबै कित्ता जग्गाको हकमा शिलबन्दी बोलपत्र पेश हुन आएमा सो को निर्णय गर्ने अधिकार बैंकमा सुरक्षित रहनेछ ।
(ज) शिलबन्दी बोलपत्रकर्ताको कवोल स्वीकृत भएमा अचल सम्पत्ति (घरजग्गा आदि) दा.खा. नामसारी गर्दा लाग्ने सम्पूर्ण शुल्क, कर, अन्य दै–दस्तुर आदि समेत कवोलकर्ताले नै व्यहोर्नु पर्नेछ । घरबाटो सिफारिसको लागि सम्वन्धीत कार्यालयलाई बैंकबाट पत्राचार गरि दिनेछ ।
(झ) शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन शिलबन्दी बोलपत्रहरु दाखिला गर्ने र खोलिने मिति कायम हुनेछ ।
(ञ) संस्थाको हकमा निम्न कागजातहरु पेश गरेको हुनु पर्नेछः-
(१) फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र ।
(२) व्यवसाय दर्ताको इजाजतपत्र (नविकरण सहित) ।
(३) मूल्य अभिवृद्धि कर र स्थायी लेखादर्ता नम्बर (प्यान) प्रमाण पत्रको प्रतिलिपि ।
(४) कर चुक्ता गरेको प्रमाणपत्र ।
(५) लिलाममा भाग लिने बारेको आधिकारिक निर्णय र पत्र ।
(६) शिलबन्दी बोलपत्र फारम बैंकको शाखा कार्यालयमा रु. ५००/– शुल्क बुझाई प्राप्त गर्न सकिनेछ ।

**महालक्ष्मी विकास बैंक लि.**
**Mahalaxmi Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९

**कर्जा असूली विभाग** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

**कोशी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास तिदेशिलय**

### पूर्वाधार विकास कार्यालय

ओखलढुङ्गा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८२/१२/०२**

यस कार्यालयको मिति २०८२/१०/२९ मा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार विद्युतिय बोलपत्र प्रणाली (e-GP) मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरुको मूल्यांकन गर्न गठित मूल्यांकन समितिको सिफारिस अनुसार देहायका बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरीद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | आयोजनाको नाम | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (VAT र PS सहित) |
|---|---|---|---|---|
| १. | IDO-OKHAL-NCB-ROAD-36-2082/083 | Track Open Of Pipal Danda Devitar Agriculture Road Ward no. 7 | Seti singhadevi construction and suppliers pvt. ltd. | NRs. 6,38,039.01 |

**कार्यालय प्रमुख**

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development and Building Construction**
**Federal Urban Development and Building Construction Office, Kaski**

### Invitation for Bids

**Date of Publication: 2082/12/02 BS (16th March 2026)**

1. The Department of Urban Development and Building Construction, Federal Urban Development and Building Construction Office, Kaski invites electronic bids from Nepalese eligible bidders for the following works.

| S. N. | Contract No/ Bid No | Description of Works | Bidding Procedure | Bid Security (NRs) | Bid Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | FUDBCO/KASKI/NCB/WORKS/082/83/32 | Re construction works Of Gents and Ladies Hostel at Prithvi Narayan Campus, Pokhara, Kaski . | NCB-1S2E | 632,000.00 | 5,000.00 | |

2. Pre bid meeting date: 2082/12/23 BS (6th April 2026) at 13:00 Hrs.
3. Last date of Bid Submission : 2083/01/02 BS (15th April 2026) till 12:00 Hrs,
4. Bid Opening Date: 2083/01/02 BS (15th April 2026) at 13:00 Hrs.
5. For all other details, please refer to the complete set of bidding documents at Federal Urban Development and Building Construction Office, Kaski, Telephone: +977-061-453058 & email address:-dudbckaski2076@gmail.com or through website www.bolpatra.gov.np/egp

**Office Chief**

**नागार्जुन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
हरिसिद्दि, सितापाईला, काठमाण्डौं

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/१२/०२

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट प्रकाशित निम्न बमोजिम वोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार e-GP मा दर्ता हुन आएका वोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्न अनुसारका वोलपत्रदाताहरुले प्राविधिक प्रस्तावको शर्तहरु पुरा गर्न सफल भएको हुँदा सफल वोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८२/१२/०९ गते दिनको १ बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम ५ अनुसार सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

Name of the Project: **Ichangunarayan Khane Pani**
Contract Identification No: **Nagarjun/NCB/W/37/2082-83**

| क्र.स. | प्राबिधिक वोलपत्र स्वीकृत गरी आर्थिक वोलपत्र खोल्न सिफारिस गरिएका वोलपत्रहरू |
|---|---|
| १ | Bm Nirman Sewa, Kirtipur, Kathmandu |
| २ | VISION-CAMPAIGN J.V, Sankhamol-10, Kathmandu |
| ३ | Golmadevi Engineering and Construction Pvt.Ltd., Melamchi Municipality-11, Sindhupalchok |

प्रमुख प्रशासकीय अधिकृत